निर्णय नं. १:-

प्रस्ताव नं. १ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका कार्यालयको नगर प्रमुख ज्यू, कार्यपालिका सदस्य ज्यूहरु साथै प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरुले नयाँ वर्ष २०७५ सालको आगमनको शुभकामना आदान प्रदान गरियो ।

निर्णय नं. २:-

प्रस्ताव नं. २ मा छलफल गर्दा नगरपालिकाको कार्यालय परिसरमा रहेका आकासे प्रजातीका रुखहरु कटानको अनुमतीका लागि जिल्ला वन कार्यालय बाँकेमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:-

प्रस्ताव नं. ३ मा छलफल गर्दा बागेश्वरी बहुमुखी पब्लिक क्याम्पसलाई मध्य पश्चिमाञ्चल विश्व विद्यालयको रुपमा स्थापित गरी प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनको लागि भौतिक पूर्वाधार विकास (भवन निर्माण) गर्न प्रथम किस्ता बापतको रकम प्राप्त भई सकेको र क्याम्पसको स्वामित्वमा जग्गा नरहेकोले साविक चटार गा.वि.स. वडा नं. ३ कि.नं. १५५९,१५६१ र ६९ को ज.वि. १-१२-११.५ जग्गा क्याम्पसले भोग चलन गर्दै आएको विद्यमान अवस्थामा उक्त जग्गा क्याम्पसको स्वामित्वमा मानी भवन निर्माण माप दण्ड अनुसार भौतिक पूर्वाधार निर्माणको लागि उच्च शिक्षा अनुदान आयोगबाट पटक पटक अनुदान प्राप्त भएको र ठूला भौतिक पूर्वाधारहरु निर्माण भई सकेकोले साथै उक्त जग्गाको जग्गा धनि प्रमाण पुर्जा बागेश्वरी बहुमुखी पब्लिकको नाममा बन्ने तर्फ आवश्यक प्रक्रिया अघि बढि रहेकोले उक्त क्याम्पसलाई जुन सुकै प्रकारको सहायता तथा अनुदान उपलब्ध गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:-

प्रस्ताव नं. ४ मा छलफल गर्दा मिति २०७४/४/२७ र २८ गते अविरल वर्षातले क्षेती पुऱ्याएको कोहलपुर वडा नं. ११ का बाढी पिडितहरुले राहत पाउन छुट भएको भनि वडा समितिले सिफारिस गरेकोमा बाढी पिडितहरुको पुरानो सूची र हाल प्राप्त सूचीलाई भिडाएर राहत पाउन छुट बाढी पिडितहरुलाई विपद् व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५:-

प्रस्ताव नं. ५ मा छलफल गर्दा कोहलपुर नगरपालिका वार्ड नं. २ को विभिन्न स्थानहरुमा पोल स्थान्तरण गर्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्रले तयार पारेको लागत अनुमान रु.६०६०१६।४४ अक्षरेपी छ लाख छ हजार सोह्र पैसा चौवालिस मात्र विद्युतीकरण शिर्षकबाट खर्च हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.६:-

प्रस्ताव नं. ६ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने दृष्टि विहिन हिराकली बि.क.को बस्ने घर नभएको हुँदा नगरपालिकाको सहयोगमा वडा नं. ११ को वडा अध्यक्ष र सचिवलाई रु.१०००००। अक्षरेपी एक लाख भन्दा नबढ्ने गरी घर निर्माणको लागि जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ७:-

प्रस्ताव नं. ७ मा छलफल गर्दा नगर शिक्षा समितिको मिति २०७४/१५/२५ मा बसेको बैठकको निर्णय अनुसार शैक्षिक सत्र ०७५/०७६ को लागि तपसिलको विद्यालयहरुमा तपसिल बमोजिमको कक्षा थप गर्ने भनि कार्यपालिकामा सिफारिस भएकोले निम्नानुसार संस्थागत विद्यालयहरुलाई कक्षा थपको लागि अनुमति दिने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

निम्नानुसारः-

| सि.नं. | विद्यालयको नाम | ठेगाना | तह | थप कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोहलपुर बागेश्वरी ई.मि. स्कुल | कोहलपुर ३ | मा.वि. | १० | कम्पनी |
| २ | निम्बल एकेडेमी ई.मि. स्कुल | कोहलपुर ११ | मा.वि. | १० | कम्पनी |
| ३ | डायनिमिक मा.वि. | कोहलपुर ११ | आ.वि. | ८ | कम्पनी |
| ४ | रुपाचा विलिवसे इ. मि. स्कुल | कोहलपुर १० | आ.वि. | ८ | कम्पनी |
| ५ | मिसन पब्लिक एकेडेमी | कोहलपुर ९ | आ.वि. | ८ | कम्पनी |
| ६ | लर्ड बागेश्वरी एकेडेमी | कोहलपुर ११ | आ.वि. | ६ | कम्पनी |
| ७ | जिवन ज्योती स्कुल | कोहलपुर १० | आ.वि. | ५ | गुठी |
| ८ | फुलबारी एजुकेशनल एकेडेमी | कोहलपुर २ | आ.वि. | ४ | कम्पनी |
| ९ | पब्लिक लर्ड बुद्ध एकेडेमी | कोहलपुर २ | आ.वि. | ४ | कम्पनी |
| १० | कोहलपुर सिटी एकेडेमी | कोहलपुर ११ | आ.वि. | ३ | कम्पनी |
| ११ | गुरुकुल शिक्षा सदन | कोहलपुर १० | आ.वि. | ३ | कम्पनी |
| १२ | ग्रीनहिल एकेडेमी | कोहलपुर ६ | आ.वि. | ३ | कम्पनी |
| १३ | क्यानभाष के.इ. | कोहलपुर ८ | आ.वि. | ८ | कम्पनी |
| १४ | गोल्डेन फ्यूचर एकेडेमी | कोहलपुर १२ | आ.वि. | ३ | कम्पनी |
| १५ | समता शिक्षा निकेतन | कोहलपुर ११ | आ.वि. | २ | गुठी |
| १६ | ज्ञान कुञ्ज इ.मि. स्कुल | कोहलपुर १ | आ.वि. | २ | कम्पनी |

**निर्णय नं. ८:-**

प्रस्ताव नं. ८ मा छलफल गर्दा विद्यालयहरुमा विद्यार्थी संख्या न्यून भई समस्या रहेको र खर्च धान्न नसक्ने अवस्थाको कारण शैक्षिक गुणस्तर खस्केकोले स्थलगत निरिक्षण प्रतिवेदन समेतको आधारमा तपसिलका आधारभुत विद्यालयहरुलाई एक आपसमा गाभ्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**तपसिलः-**

१. श्री शान्ति निकेतन आ.वि.लाई श्री शिव शक्ति आ.वि. प्रेमनगरमा

२. श्री दिपशिखा आ.वि. एकतानगरलाई श्री जनज्ञान ज्योती मा.वि.बगियामा

३. श्री राम जानकी आ.वि. लाई श्री ज्ञान ज्योती मा.वि. चप्परगौडीमा

४. श्री जनता आ.वि. विकास नगरलाई श्री कृष्ण मा.वि. कौशिल्यानगरमा

**निर्णय नं. ९:-**

प्रस्ताव नं. ९ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं. ८ श्री सरस्वती आ.वि. को कक्षा थप सम्बन्धमा नगरपालिकाको श्रोत साधनलाई मध्ये नजर गरी आगामी कार्यपालिकाको बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:-**

प्रस्ताव नं. १० मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं. १२ बस्ने श्री हरि बाँठालाई ह्वील चियर खरीदको लागि रु.१८,०००। अक्षरेपी अठार हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ :-**

प्रस्ताव नं. ११ मा छलफल गर्दा वडा नं. ५ को गौरवको योजना संचालनको लागि आन्तरिक कोषबाट रु.४० लाख विनियोजन भएको र निर्माण कार्य समेत संचालनमा रहेको हुँदा उक्त योजना आन्तरिक बजेटबाट संचालन हुने योजनाहरुमा प्राथमिकता दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. १२:-**

प्रस्ताव नं. १२ मा छलफल गर्दा संस्थागत विद्यालयहरुले अनुमती लिदा राखिएको धरौटी बापतको रकम सम्बन्धित विद्यालयले तोकेको शिक्षक र नगर शिक्षा कार्यालयको संयुक्त दस्तखत रहने गरी मुद्दती खाता खोल्ने निर्णय गरियो ।

**निर्णय नं. १३:-**

प्रस्ताव नं. १३ मा छलफल गर्दा लक्ष्मी मा.वि. वर्दहवाले प्राविधिक धार तर्फ कृषि विषय अर्न्तगत बालि विज्ञानमा कक्षा ९ र १० संचालन गरि रहेको र शैक्षिक सत्र २०७५/०७६ र ०७६/०७७ मा क्रमश कक्षा ११ र १२ मा ISC Agriculture संचालनको लागि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. १४:-**

प्रस्ताव नं. १४ मा छलफल गर्दा तपसिलका संस्थागत विद्यालयहरुले आवश्यक पूर्वाधार पुरा गरेको हुँदा कक्षा एक संचालनको लागि अनुमति दिने निर्णय गरियो ।

**तपसिल :-**

१. कोहलपुर मोडेल इ.मि. स्कुल कोहलपुर नगरपालिका वडा नं. १५ कक्षा १ गुठी

२. बागेश्वरी विद्याश्रम कोहलपुर नगरपालिका वडा नं. ११ कक्षा १ गुठी

३. बाल विज्ञान इ.बो. -स्कुल कोहलपुर नगरपालिका वडा नं. ७ कक्षा १ गुठी

४. संगम विद्यानिकेतन कोहलपुर नगरपालिका वडा नं. २ कक्षा १ गुठी

**निर्णय नं. १५:-**

प्रस्ताव नं. १५ मा छलफल गर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष ०७५/०७६ को योजना तर्जुमालाई प्रभावकारी बनाउन नगरपालिका भित्र रहेका विकास प्रेमी, राजनितिज्ञ, शिक्षाविद् लगायत प्रतिष्ठित व्यक्तिहरु रहने गरी नगर प्रमुखको संयोजकत्वमा Think Tank समिति निर्माण गर्ने र सदस्य सचिव योजना शाखा प्रमुख रहने निर्णय गरियो ।

**निर्णय नं. १६:-**

प्रस्ताव नं. १६ मा छलफल गर्दा कार्यपालिकाको मिति २०७४/९/१९ गते बसेको १६ औं बैठकको निर्णय नं. ११ बमोजिम कोहलपुर चौराहाको स्तम्भमा राख्ने पित्तलको पाटेबाघको निर्माण कार्य सम्पन्न भई सकेको हुँदा उक्त पाटेबाघको शालिक निर्माण कार्यमा लागेको खर्च भुक्तानी दिने निर्णय गरियो ।

०६४/०१/२५

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल